# लोक सेवा आयोग (कार्य सञ्चालन) (नवौं संशोधन) निर्देशिका, २०७६

लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७ लाई संशोधन गर्न बाञ्छनीय भएकोले, लोक सेवा आयोग ऐन, २०६६ को दफा ५४ ले दिएको अधिकार प्रयोग गरी लोक सेवा आयोगले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "लोक सेवा आयोग (कार्य सञ्चालन) (नवौं संशोधन) निर्देशिका, २०७६" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७ को दफा ४९ मा संशोधनः** लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७ को दफा ४९ को उपदफा (५) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर किरिया बस्नु परेको अवस्थामा सामूहिक छलफलमा उपस्थित हुन नसकेमा सोपछि पन्ध्र दिनभित्र अन्य समान तहको पदको सामूहिक छलफलको कार्यक्रम रहेकोमा सो कार्यक्रममा र नभएमा किरिया समाप्त भएको मितिले तीन दिनभित्र सामूहिक छलफलमा समावेश गर्न बाधा पर्ने छैन।"

**निर्णय मितिः २०७६/०२/२३**